

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ माघ ४ गते बुधबार ❑ 18 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## २२ शवको पोखरामा पोष्टमार्टम, ४८ शव काठमाडौँ लगियो

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ माघ**

पोखरामा विमान दुर्घटना भएको ३ दिन बितिसम्दा पनि अझै एक जना वेपत्ता भएका छन् । वेपत्ता भएका एकको खोजी कार्य जारी रहेको हालसम्म पत्ता लगाउन कठिन भएको कास्कीका प्रमुख जिल्ला अधिकारी टेक बहादुर केसीले बताए ।

मंगलबार सेतीनदी सुकाएर र ड्रोनको सहायताले खोजि गर्दा एउटा मात्र शव भेटिएको उनले बताए । भेटिएको एक शव महिलाको हो । उक्त महिलाको शव पहिचान गर्न कठिन हुने प्रजिअ केसीले बताए । आफुहरुले सबै प्रकारको प्रविधिहरु प्रयोग गर्दा पनि एक जनालाई अझै भेटाउन नसकिएको प्रजिअ केसीले बताए । सोमबार ड्रोनको सहायताले २ र मंगलबारएक जनाको शव भेटिएकोले बुधबारबार पुन ड्रोन सहितको अन्य प्रविधिको प्रयोग गरिने भएको उनले जनाए । मंगलबार दिउसो २ देखि ६ बजेसम्म सेतीनदीमा पानीको वभाव घटाइएको



प्रजिअ केसीले जनाए ।

यती एयरलायन्सको विमान दुर्घटना हुँदा भेटिएकाको शव राम्रोसंग पहिचान भएका २२ जनाको पोखरामै पोष्टमार्टम गरिएको छ । विमानमा सवार ७२ मध्य मंगलबार साँझसम्म ७१ जनाको शव भेटिएको छ भने पहिचान हुन बाँकी रहेको ४८ शव काठमाडौं पठाइएको प्रशासनले जनाएको छ ।

पोखराको पश्चिमाञ्चल क्षेत्रिय अस्पताल (पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान) मा पोष्टमार्टम भएका शवहरु मध्य ३ वटा शव उनका आफन्तलाई बुझाउन बाँकी रहेको उनले बताए । मंगलबार अवेर पोष्टमार्टम भएकोले गर्दा उक्त शव बुझाउन ढिला भएकाले बुधबार बिहानमा उक्त शव उनका आफन्तलाई बुझाउने भएको प्रजिअ केसीले बताए । पोखरामा पोष्टमार्टम भएका शव मध्य २ वटा सोमबार र मंगलबार १७ वटा शव उनका आफन्तलाई बुझाइएको उनले बताए ।

नेपाली सेनाको हेलिकोप्टर र हवाई जहाजमा पोखरामा पहिचान नभएका र केही काठमाडौंमै पोष्टमार्टम गर्न चाहेका शवहरु मात्र काठमाडौं पठाइएको प्रजिअ केसीले बताए । काठमाडौंको टिचिङ हस्पिटलका डा.गोपाल कुमार चौधरीको नेतृत्वमा पोष्टमार्टम गर्न सोमबारदेखि पोखरामा सुरु गरिएको थियो । पहिलो चरणमा ३ जनाको पोष्टमार्टम गरिएको हो ।

यती एयरलाइन्सले मंगलबार एक विज्ञप्ति जारी गरी पोखराको सेती नदीको खोँचमा दुर्घटनाग्रस्त भएर निधन भएकामध्ये ४८ जनाको शव मंगलबार काठमाडौँ ल्याइएको बताएको हो । शव नेपाली सेनाको दुईवटा हेलिकप्टरमार्फत काठमाडौँ ल्याइएको हो ।

मृतक ४८ जनाको शव काठमाडौँ ल्याइए पनि शवको परीक्षण भने बुधबार बिहानदेखि सुरु गरिने भएको छ । शवलाई त्रिभुवन शिक्षण अस्पताल महाराजगञ्जको शवगृहमा राखिएको छ। मृतकका परिवार र आफन्तजनलाई 'काउन्सिलिङ' गर्ने काम मंगलबार भएकाले परीक्षण सुरु गर्न नसकिएको त्रिवि शिक्षण अस्पतालले जनाएको छ । मृतकमध्ये कतिपय व्यक्तिको शव पहिचानसमेत हुन नसकेकाले डिएनएका आधारमा शव पहिचान गरेर परीक्षणपश्चात् एकैपटक मृतकका परिवार तथा आफन्तलाई शव हस्तान्तरण गरिने बताइएको छ ।

## पत्रकार पौडेलको पोखरामा शवयात्रा

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ माघ**

उमेरले ३७ बर्ष पनि पूरा नहुदै सेतीखोचमा अस्ताएका पोखराका युवा पत्रकार त्रिभुवन पौडेलको पोखरामा शव यात्रा गरिएको छ ।

नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य, महासंघ गण्डकीका संस्थापक अध्यक्ष, जिल्लाका पूर्व उपाध्यक्ष एवं सचिव, प्रेस सेन्टर नेपालका केन्द्रिय उपाध्यक्ष पौडेलको बुधबार पोखरामा शव यात्रा गरिएको हो । पत्रकारिता क्षेत्रमा उनले पुराएको योगदानको उच्च मुल्याङकन गर्दै महासंघले बुधबार पोखरामा शव यात्रा सहित श्रद्धान्जली सभा समेत आयोजना गरेको कोषाध्यक्ष कृष्ण दबाडीले बताए ।

पत्रकार पौडेलको पार्थीव शरीरिमा नेपाल पत्रकार महासंघका केन्द्रिय अध्यक्ष विपुल पोखरेल,महासचिव रोषन पुरी, निवर्तमान अध्यक्ष गोविन्द आचार्य, प्रेस सेन्टर नेपालका केन्द्रिय अध्यक्ष बिष्णु सापकोटा (जुगल) ले आफ्नो संस्थाको



झण्डा ओढाएका थिए ।

पत्रकार पौडेलको पार्थीव शरिरमा गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारी, गण्डकी प्रदेश सभाका प्रमुख प्रतिपक्ष दलका नेता सुरेन्द्रराज पाण्डे, प्रदेशका मन्त्री, सांसद र पूर्व मन्त्री विन्दुकुमार थापा, रामजी प्रसाद बराल जीवन पोखराका मेयर धनराज आचार्य लगायतका विभिन्न संघ संस्थाका पदाधिकरीहरुले फुल, माला, खादा अर्पण गरेका थिए ।

मंगलबार बेलुका करिब १०:३० बजे मात्र पोष्टमाटम सहितको प्रकृया पूरा गर्दा समय लागेका कारण पौडेलको बुधबार विहान शव बुझिएको उनका आफन्तले बताए । उनको निवास पोखरा रानिपौवामा र रानीपौवा देखि पत्रकार महासंघको परिसर राष्ट्बैंक चोकमा त्यहाँबाट मुस्ताङचोक, पृथ्वीचोक, नयाँबजार हुदै रामघाटमा लगेर अन्तिम दाहसंस्कार गरिएको थियो । उनका दाजु उत्तम पौडेलले


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## उपसभामुख थापाद्वारा पदभार ग्रहण

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ माघ**

गण्डकी प्रदेशसभाका उपसभामुख वीनाकुमारी थापाले पदभार ग्रहण गर्नुभएको छ ।

सोमबार सभामुख कृष्णप्रसाद धितालबाट पद तथा गोपनीयताको शपथ लिनुभएकी थापाले मंगलबार पदभार ग्रहण गर्नुभएको हो ।

उपसभामुख थापालाई प्रदेशसभा सचिव हरिराज पोखरेललगायत सविचालयका कर्मचारीले कार्यालयमा स्वागत गरेका थिए । यसअघि सोमबार नै उहाँ उपसभामुख पदमा निर्वाचित हुनुभएको थियो ।

थापाको पक्षमा प्रदेशसभाका ३२ सदस्यले मतदान गरेका थिए । उहाँ नेकपा (एमाले) बाट उम्मेदवार बन्नुभएको थियो । उपसभामुख पदका अर्का उम्मेदवार नेपाली कांग्रेसकी पार्वती तामाङले २६ मत ल्याउनुभएको थियो ।

प्रदेशसभाका कूल ६० सदस्यमध्ये सभामुख कृष्णप्रसाद धिताल तटस्थ बस्नुभएको थियो । कांग्रेसका एक प्रदेशसभा सदस्य मतदानमा अनुपस्थित रहनुभएको थियो । थापा समानुपातिकतर्फ बागलुङबाट प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएको थियो ।

## जन्म गाउँ रुपामा पाइलट केसीको सालिक निर्माण गरिने

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ माघ**

पोखराको सेती खोँचमा आइतबार बिहान जहाज दुर्घटनामा परी गाउँकै पहिलो पाइलट एवं प्रशिक्षक कमल केसीको निधनप्रति रुपा गाउँपालिकाले दुःख व्यक्त गरेको छ ।

कास्कीको रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले मङ्गलबार केसीप्रति श्रद्धाञ्जलि तथा परिवारप्रति समवेदना प्रकट गर्दै दुःख व्यक्त गर्नुभएको हो । रुपा गाउँपालिका-३ स्थायी निवासी बुबा वीरेन्द्र केसी र आमा मीना केसीका जेष्ठ सुपुत्र ५९ वर्षीय क्याप्टेन कमल केसीको निधनले गाउँनै शोकमा डुबेको अध्यक्ष ओझाले बताउनुभयो ।

अमेरिकाबाट पाइलट विषयमा अध्ययन गरी विसं २०४६ मा नेपल वायुसेवाबाट करियर सुरु गरी भारतको बैङ्गलोरस्थित इन्डियन एयरलाइन्स र पछिल्लो समय यती एयरलायन्समा आबद्ध क्याप्टेन केसीलेको निधनले रुपमा गाउँपालिकालाई अपूरणीय क्षति पुगेको जनाइएको छ ।

केसीलाई रुपा गाउँपालिकाको चौथो स्थापना दिवसको अवसरमा रुपा रत्न सम्मान २०७८ बाट समेत सम्मान गरिएको जानकारी अध्यक्ष ओझाले दिनुभयो । मंगलबार गाउँपालिकाको बैठकले आज साँझ रुपा गाउँपालिकाका सबै वडा कार्यालयमा ७२ वटा दीप प्रज्वलन गरी राष्ट्रिय झण्डा तीन दिनसम्म झुकाउने निर्णय गरेको छ । साथै बैठकले केसीको नाममाअर्धकदको सालिकसहितको पार्क निर्माण गरी शिलालेखमा जहाजमा दुर्घटना भएका ७२ जनाको नाम लेखिने निर्णय गरेको छ ।

साथै बैठकले पाइलट केसीका बारेमा स्थानीय पाठ्यपुस्तकमा समावेश गराउने निर्णयसमेत गरेको छ ।

## अभिनेता शाहलाई तनहुँ अदालतबाट सफाइ

**पोखरापत्र संवाददाता**
**दमौली, ३ माघ**

नाबालिगमाथि जबर्जस्ती करणीको अभियोगमा तनहुँ कारागारमा थुनामा रहेका अभिनेता पूर्णविक्रम शाह (पल शाह)लाई तनहुँ जिल्ला अदालतले सफाइ दिएको छ ।

जिल्ला न्यायाधीश कोमलप्रसाद आचार्यको एकल इजलासले अभियोग दाबी नपुग्ने ठहर गर्दै अभिनेता शाहलाई सफाइ दिएको हो । शाहविरुद्धको सुनुवाइमा अदालतले अभियोग दाबी नपुग्ने फैसला सुनाएको तनहुँ जिल्ला अदालतका श्रेस्तेदार मीनबहादुर कुँवरले जानकारी दिनुभयो । 'तनहुँ जिल्ला अदालतमा दर्ता



भएको शाहविरुद्धको मुद्दामा अदालतले सफाइ दिने फैसला सुनाएको छ', उहाँले भन्नुभयो, 'फैसलाउपर चित्त नबुझे पीडित पक्षलाई पुनरावेदन जाने छुट छ ।' अभिनेता शाहविरुद्धको मुद्दाको पेशी तनहुँ जिल्ला अदालतमा पटकपटक तोकिएर स्थगित हुँदै आएको थियो । उक्त मुद्दाको अन्तिम सुनुवाइमा मंगलबार वरिष्ठ अधिवक्ता कमलामोहन वाग्ले, परशुराम गिरी, कृष्णबहादुर थापा र अधिवक्ता भानुभक्त सुवेदीले बहस गर्नुभएको थियो ।

तनहुँ जिल्ला अदालतले अभिनेता शाहलाई सफाइ दिए पनि उनी कारागारमै रहने छन् । सोही प्रकृतिको मुद्दा नवलपुर जिल्ला अदालतमा दर्ता भएकामा नवलपुर जिल्ला अदालतले शाहविरुद्ध गत भदौ २१ गते दुई वर्ष छ महिना कैद र रु २५ हजार जरिवानाको फैसला सुनाएको थियो । साथै पीडितलाई रु दश लाख क्षतिपूर्ति दिनुपर्ने फैसला भएको थियो ।

शाहले उक्त फैसलाउपर गत कात्तिक २५ गते उच्च अदालतमा पुनरावेदन निवेदन दिएका थिए । नाबालिगमाथि जबर्जस्ती करणी गरेको भन्दै शाहविरुद्ध गत वर्ष फागुन ११ गते तनहुँ प्रहरीमा उजुरी परेको थियो । शाहले फागुन १५ गते प्रहरी कार्यालयमा आत्मसमर्पण गरेका थिए । उनलाई चैत १० गते तनहुँ जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा महोत्सवमा निशुल्क स्वास्थ्य जाँच

पोखरापत्र संवाददाता
पोखरा, ३ माघ

पोखराको अमरसिंह चौरमा जारी पोखरा महोत्सवमा अवलोकनका लागि आउने दर्शकहरुले निशुल्क स्वास्थ्य जांचको समेत सेवा लिन पाउने भएका छन ।




महोत्सवमा आउने दर्शकहरुलाई लक्षित गरी आयोजक युनाइटेड क्लबले लाइफ केयर डाइनोष्टिक सेन्टर न्युरोड, मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टर रानीपौवा र नरहरी पोलिक्लिनीक रामबजारको सहयोगमा निशुल्क रुपमा सुगर र प्रेसरको चेकजांचको ब्यवस्था मिलाएको महोत्सव प्रचारप्रसार संयोजक दिनेश सुनारले जानकारी दिए ।

प्रेसर र सुगर संगै महोत्सवमा आउने दर्शकहरुले तीनवटै स्वास्थ्य संस्थाबाट अन्य चेकजांचमा ५० प्रतिशत छुट पाउने महोत्सवका प्राथमिक उपचार संयोजक नरहरि पनेरुले जानकारी दिए । महोत्सवको सातौ दिनमात्रै दुई सयजनाले सुगरको निशुल्क परिक्षण गरेका छन । महोत्सवमा प्रत्येक दिन सुगर र प्रेसरको निशुल्क परिक्षण गराइरहेको समेत पनेरुले वताए ।

महोत्सवको सातौ दिन सम्म आइपुग्दा साढे तीन करोडको कारोवार भएको र असी हजार दर्शकले महोत्सवको प्रत्यक्ष अवलोकन गरेको महोत्सवका अर्थ तथा स्टल ब्यवस्थापन उपसमिति संयोजक सूर्य बहादुर बानियाले जानकारी दिए । बानियाका अनुसार महोत्सवमा विशेष गरी जाडो यामका सामाग्री, घरायसी प्रायोजनको सामाग्री, विद्युतिय प्रयोजनका सामाग्री संगै तरकारी जन्य सामाग्रीहरुको बिक्रीवितरण भएको छ ।

महोत्सवमा मंगलबार चर्चित लोकदोहोरी गायिका प्रिती आलेले लोकदोहोरी मार्फत दर्शकहरुलाई भरपुर मनोरन्जन प्रदान गरिन भने आले संगै लोकदोहोरी कलाकारहरु जीवन दाहाल, शिवहरी ढंगाना, निश्चल दवाडी, मञ्जु बिक, सरीता सारु मगर, टस गुरुङ, तुलसा जिसी लगायतको प्रस्तुती मार्फत दर्शहरुले भरपुर मनोरन्जन लिएका थिएभने साँझको लाइभ कन्सर्टमा झिल्के एण्ड द कम्पनीको प्रस्तुती मार्फत युवाहरुले भरपुर मनोरन्जन लिएको महोत्सवका प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए ।

महोत्सवको आठौ दिन बुधवार लोकदोहोरी तर्फ बद्री पंगेनी, जीवन दाहाल, चोलेन्द्र पौडेल, पार्वती जिसी, अमर धिताल, माया गुरुङ, प्रेमराज अधिकारी, सुनमा गुरुङ लगायतको प्रस्तुती रहनेछभने साँझको लाइभ कन्सर्ट तर्फ ए.एस.एम.को प्रस्तुती रहनेछ ।

त्यसैगरी महोत्सवमा जारी विद्यालय स्तरिय लोकनृत्य प्रतियोगितामा मेट्रोपोलिटन एकेडेमी र भ्यूप्वाइन्ट बोर्डिङ स्कुल अघिल्लो चरणमा प्रवेश गरेको छभने बुधवार श्री कालिका मावि, राष्ट्रिय मावि, कास्की मोडनाइज एकेडेमी, टप्स बोर्डिङ स्कुल, अमरसिंह मावि र बेसलाईन एकेडेमी बीच प्रतिस्पर्धा रहने प्रतियोगिता संयोजक विष्णु कुमार गुरुङले जानकारी दिए ।

# शान्ति उदय मावि पोखराको ६३ औं वार्षिकोत्सव

पोखरापत्र संवाददाता
पोखरा, ३ माघ

पोखरा महानगरपालिका वडा नं ३३ स्थित शान्ति उदय माध्यमिक विद्यालय वरपाण्डेथुम कैलास कास्कीको ६३ औं वार्षिकोत्सव तथा ६४ औं अभिभावक दिवस विविध कार्यक्रमका साथ मंगलवार सम्पन्न भएको छ ।

विद्यालयको वार्षिकोत्सव, अभिभावक दिवस तथा नवनिर्मित चारकोठे भवनको समेत एक समारोह वीच उदघाटन गर्दै प्रतिनिधिसभामा कास्की क्षेत्र नं २ की सांसद विद्या भट्टराई अधिकारीले विद्यार्थीको सिर्जनशीलता जागृत गराउँदै संख्या भन्दा पनि गुणस्तरका लागि चिन्ता हुनुपर्नेमा जोड दिइन् । कास्की दक्षिणभेगकै शैक्षिक उन्नयनमा महत्वपूर्ण भूमिका खेलेको यस विद्यालयको गरिमा र महत्वलाई आत्मसात गर्दै पूर्वाधार विकासका साथै शिक्षाको गुणस्तरीयतालाई प्राथमिकतामा राख्न उनले सुझाव दिइन् ।

कार्यक्रमका अवसरमा विद्यालयका पूर्व विद्यार्थी एवम् पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले शान्ति उदय पूर्व विद्यार्थी मञ्च कक्षको उद्घाटन गर्दै मञ्चले विद्यालयको विकासका लागि प्रभावकारी भूमिका खेल्न सकोस् भन्ने शुभकामना दिएका थिए । हाल



मोति भुजेलको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति रहेको पूर्व विद्यार्थी मञ्च सकृय रहेको छ ।

सोही कार्यक्रममा नेपाल पर्यटन बोर्डका सदस्य मदन आचार्यले विद्यालय परिसरमा सरस्वती मन्दिरको शिलान्यास गरेका थिए भने विद्यालयका विद्यार्थीहरूको शारीरिक, मानसिक, सामाजिक एवम् सर्वाङ्गीण विकासका लागि प्रभावकारी भूमिका खेल्न सकोस् भन्ने उद्देश्यले शैक्षिक प्रदर्शनी समेत सम्पन्न भएको छ । शिक्षकहरु महेश चन्द र दुर्गाबहादुर थापाको सकृयतामा विद्यार्थीहरूले गरेको प्रदर्शनी अवलोकन गर्दै मौलिक सिर्जनालाई महत्व दिन तथा व्यवहारिक ज्ञान र त्यसको शिक्षण सिकाइमा नयाँ प्रविधिसँग प्रत्यक्ष साक्षात्कार गराउन यस किसिमको शैक्षिक प्रदर्शनीको ठूलो महत्व रहेकामा बक्ताहरुले जोड दिएका थिए ।

विद्यार्थीको मौलिक सिर्जनालाई महत्व दिने गरी प्रदर्शनीमा पाठ्यक्रममा आधारित विविध विषयका शैक्षिक सामग्रीहरु प्रदर्शन गरिएका थिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ऋषिराज आचार्यले स्थापनाको ६३ औं वार्षिकोत्सवसम्म आइपुग्दा विद्यालयले विभिन्न आरोह अवरोह पार गरेको बताउँदै सुविधा सम्पन्न ई लाइब्रेरीको व्यवस्था गरिएको, कमजोर विद्यार्थीलाई अतिरिक्त कक्षाको व्यवस्था, नियमित सह-कृयाकलाप, विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग, पर्याप्त खेलमैदान आदिको व्यवस्था गरिएको वताए । विद्यालयका प्रधानाध्यापक टेकनारायण गिरीले विद्यालयको समग्र अवस्था बारे प्रकाश पारेको उक्त कार्यक्रममा कास्की क्षेत्र नं २ क काट निर्वाचित गण्डकी प्रदेशका सांसद भीम कार्की, विद्यालयका पूर्व विद्यार्थी पोखरा महानगरपालिका शिक्षा महाशाखा प्रमुख हेमप्रसाद आचार्य, विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष मनोहर आचार्य, महानगर शिक्षा अधिकृत सोमनाथ भण्डारी, साविक भरतपोखरीका पूर्व गाविस अध्यक्ष यज्ञप्रसाद अधिकारी, पोखरा महानगरपालिका वडा नं ३३ का वडाध्यक्ष रामचन्द्र अधिकारी,भूपू विद्यार्थी मञ्चका सचिव वसन्त लम्साल, सदस्य सजना ढुंगाना, शिक्षक राजेन्द्र बस्ताकोटी, देवराज शर्मा लगायतले विद्यालयले शैक्षिक विकासमा खेलेको भूमिका बारे चर्चा गर्दै शुभकामना दिएका थिए । उक्त अवसरमा विविध सास्कृतिक प्रस्तुतिका साथमा विद्यालयका विभिन्न विधामा उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत गरिनुका साथै विभिन्न छात्रवृत्ति वितरण समेत गरिएका थिए । कास्की दक्षिण भेगमा यस क्षेत्रका दूरदर्शी शिक्षाप्रेमीको सकृयतामा वि.सं २०१६ सालमा कैलास प्रा.वि.को नामबाट विद्यालय सञ्चालन सुरु गरिएको थियो । वि.सं. २०२४ सालदेखि शान्ति उदय मा.वि.का नाममा सञ्चालन भएको विद्यालयमा २०६५ सालदेखि कक्षा ११ र १२ का कक्षा समेत सञ्चालन हुँदै आएका छन् । शान्ति उदय मा.वि.बाट उत्पादित जनशक्ति देशको समाजिक, आर्थिक एवम् राजनीतिक लगायतका क्षेत्रमा उच्च ओहोदामा पुगिसकेका छन् ।

# प्राविधिक शिक्षा आजको आवश्यकता : कुलपति गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, ३ माघ

गण्डकी विश्वविद्यालयका कुलपति प्रा डा गणेशमान गुरुङले प्राविधक शिक्षा आजको आवश्यकता भएको बताउनुभएको छ ।

पोखरा महानगरापालिका-३२, राजाको चौतारास्थित ब्रह्मरुपा माध्यमिक विद्यालयको ४३औं वार्षिकोत्सव एवं अभिभावक दिवसको आज यहाँ उद्धाटन गर्दै उहाँले देशका लागि योग्य र सक्षम नागरिक उत्पादन गर्न प्राविधिक शिक्षा अपरिहार्य रहेको बताउनुभयो ।

विद्यालयलाई गण्डकी विश्वविद्यालयको फिडर विद्यालयका रपमा हेरिएको बताउँदै उहाँले यो प्रदेशकै उच्चकोटीको शैक्षिक संस्था बन्ने विश्वास व्यक्त गर्नुभयो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दुर्गालाल पण्डितले विद्यालयले गुणस्तरीय शिक्षालाई जोड दिएको उल्लेख गर्दै विद्यार्थी, शिक्षक र अभिभावक सबैको साथ सहयोगमा उत्कृष्ट शैक्षिक गन्तव्य बनाउने बताउनुभयो ।

प्रधानाध्यापक जनार्दन सुवेदीले विद्यालयको आर्थिक विवरण, भावी रणनीति र योजना प्रस्तुत गर्दै यसलाई जिल्लाकै सूचना प्रविधि मैत्री विद्यालयका रूपमा अगाडि बढाउने बताउनुभयो । विद्यालय निरीक्षक विश्वराज आचार्य, लक्ष्मी माविका प्रधानाध्यापक जगन्नाथ अधिकारी, नेपाल शिक्षक सङ्घ कास्कीका अध्यक्ष रमेश भट्टराईलगायतले विद्यालयले यस क्षेत्रको शैक्षिक विकासमा गरेको योगदानको चर्चा गर्नुभयो ।

उक्त अवसरमा उत्कृष्ट शिक्षक र विद्यार्थीलाई पुरस्कार वितरण एवं विद्यार्थीद्वारा विविध सांस्कृतिक कार्यक्रमका साथै नाटक प्रस्तुत गरिएको थियो । विद्यालयमा हाल आठ सयभन्दा बढी विद्यार्थी, ४७ शिक्षक कर्मचारी रहेको र प्राविधिक धारतर्फ कम्प्युटर इञ्जिनीयरअन्तर्गत कक्षा ९ देखि १२ सम्म र साधारणतर्फ नर्सरीदेखि १२ कक्षासम्म अध्ययन अध्यापन हुँदै आएको छ ।

# पर्वतबाट मन्त्री बन्नेमा गिरी पहिलो

पोखरापत्र संवाददाता
पर्वत, ३ माघ

पर्वटबाट दुई पटक प्रतिनिधिसभा चुनाव जितेका नेकपा (एमाले)का केन्द्रीय सदस्य पदम गिरी स्वास्थ्य तथा जनसङ्ख्यामन्त्रीमा नियुक्त हुनुएको छ ।

नेपाली कांग्रेसका प्रभावशाली नेता अर्जुनप्रसाद जोशीलाई प्रतिनिधिसभा निर्वाचनमा दुई पटकसम्म लगातार हराउनुभएका गिरी जिल्लाबाट मन्त्री बन्नेमा पहिलो व्यक्ति हुनुहुन्छ । पर्वतले अहिलेसम्म राज्य र सहायकमन्त्री बाहेकको मन्त्री भने पाउन सकेको थिएन । पञ्चायतकालको सुरुआतमा मोदी गाउँपालिका अन्तर्गत देउराली लाङ्दीका गणेशबहादुर गुरुङ २०२२/२३ सालमा राज्यमन्त्री बन्नुभएको थियो । त्यसको केही वर्षपछि सोही ठाउँका पूर्व भारतीय सेना लालसिंह गुरुङ सहायकमन्त्री बन्नुभएको थियो । यस्तै २०३९



सालमा जलजला-४,मल्लाज माझफाँटका डम्मरबहादुर मल्ल यातायात राज्यमन्त्री बन्नु भएको थियो । त्यसपछि क्षेत्रबहादुर गुरुङ सहायक यातायात मन्त्री र पर्वत फलेवास-६ देवीस्थानकै डिल्लीराज पौडेल भूमिसुधार सहायकमन्त्री बन्न सफल हुनुभएको थियो । पर्वतमा यसअघि छ जनामन्त्री बनेको भए पनि राज्यमन्त्री र सहायकमन्त्रीमै सीमित थिए । यसपटक प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारमा पर्वतका पदम गिरीले मन्त्रीको रूपमा स्वास्थ्य मन्त्रालयको जिम्मेवारी पाउनुभएको हो । "पर्वतलाई लामो समयदेखि उपेक्षामा राखिएको थियो", स्थानीय राजु पौडेलले भन्नुभयो, "अहिले मन्त्री पाएपछि पर्वतको विकास हुने अपेक्षा गरेका छौं ।"

विसं २०३३ मा पर्वतको दुर्लुङमा जन्मिएका गिरीले समाजशास्त्रमा स्नातकोत्तरसम्मको अध्ययन गर्नुभएको छ । विसं २०४७ मा अखिल पाँचौंमा सङ्गठित गिरी पृथ्वीनारायण क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन सदस्य, उपसभापति हुँदै सभापति बन्नु भएको थियो । विसं २०७२ मा आठौं जिल्ला अधिवेशनबाट जिल्ला अध्यक्षमा निर्वाचित हुनुभएका गिरी २०७५ मा गण्डकी प्रदेश कमिटी सदस्य बन्नुभएको थियो ।

## पत्रकार...

उनलाई दागबत्ती दिएका थिए । पत्रकार पौडेलका आमा, श्रीमती र एक छोरा रहेका छन्। पत्रकार पौडेलले पत्रकारिता र सामाजिक क्षेत्रमा पुराएको योगदानको प्रशंम्सा गर्दै उनले देखाएको बाटो हिड्न आफुहरु कटिवद्ध भएको महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीले बताइन् ।

पर्वत घर भई हाल पोखरा ११ फुलवारीमा बस्दै आएका पौडेल विगत साँढे दुई दशक देखि पकारिता र सामाजिक क्षेत्रमा काम गर्दै आएका थिए । स्वाभिमान, पोखरा हट्लाइन, अन्नपूर्ण एफ.एम., नेपाल टेलिभिजन, हिमाल खबर पत्रिका हुदै हट्लाइनको सम्पादक समेत भएका पौडेल तत्कालिन अर्थमन्त्री कृष्ण बहादुर महराको प्रेस संयोजकको रुपमा समेत काम गरेका थिए ।

आइतबार विहान १०:३२ बजे काठमाण्डौंबाट पोखरा उडेको यति एयरलायन्सको ९ एन ए एन सी, एटीआर –७२ ५०० नम्बरको विमान पोखरा १५ स्थित नयाँगाउँको सेती नदीको खोँचमा दुर्घटना भएको थियो । उक्त विमानमा चालक दलका ४ सदस्य सहित ७२ जना यात्रु रहेका मध्य २५ जना महिला, ३७ जना पुरुष, ३ बालक, २ शिशु रहेको यति एयरलायन्सले जनाएको छ ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# मन्त्रीमा नयाँ अनुहार

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले तीन सातापछि मंगलबार १५ मन्त्री नियुक्त गरेर अधिकतम नयाँ अनुहार समेटेका छन् । २३ सदस्यीय मन्त्रिपरिषदमा १६ जना पहिलोपटक मन्त्री बनेका छन । दुई तिहाई मन्त्री युवा र नयाँ अनुहार बनाएर प्रधानमन्त्री प्रचण्डले अलग सन्देश दिएका छन । सधैं मन्त्री भइरहने तर परिणाम दिन नसक्ने यश पटक परेका दुई उपप्रधानमन्त्री नै नयाँ अनुहार हुन् । एमाले उपाध्यक्ष विष्णुप्रसाद पौडेल र माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ अनुभवी नेता हुन् । तर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का अध्यक्ष रवि लामिछाने र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देन पहिलोपटक मन्त्री भएका हुन् । दुवैले उपप्रधानमन्त्रीको वरियता पाएका छन् ।

माओवादी केन्द्रबाट मन्त्री बनेका सुदन किराँती, अमनलाल मोदी र सुशिला श्रीपाइली ठकुरी पहिलोपटक मन्त्री बने । सुदन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री, अमनलाल संघीय मामला तथा सामान्य प्रशासन र सुशीला पर्यटन राज्यमन्त्री बनेका छन् । सूचना प्रविधि तथा सञ्चारमन्त्री बनेकी रेखा शर्मा भने यसअघि सामान्य प्रशासन मन्त्री भइसकेका छन् । एमालेबाट मन्त्री बनेकाहरु पनि धेरै नयाँ अनुहार छन् । उद्योग मन्त्री बनेका दामोदर भण्डारी, कृषि बनेका ज्वाला साह र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री बनेकी भगवती चौधरीसँग यसअघि पनि मन्त्री बनेको अनुभव छ । तर परराष्ट्रमन्त्री बिमला राई पौडेल, रक्षामन्त्री हरि उप्रेती, स्वास्थ्यमन्त्री पदम गिरी र भूमि व्यवस्था मन्त्री राजेन्द्र राई पहिलोपटक मन्त्री बनेका हुन् ।

राप्रपाबाट मन्त्री बन्नेमा सहरी विकास मन्त्री बिक्रम पाण्डे यसअघि पनि सरकारमा गएका थिए । बाँकी मन्त्रीहरु नयाँ अनुहार हुन् । कानून न्याय तथा य मामला मन्त्री ध्रुबबहादुर प्रधान र ऊर्जा राज्यमन्त्री दीपक सिंह पहिलोपटक सांसद जितेर मन्त्री भएका हुन् । रास्वपाका त सबै मन्त्री नयाँ अनुहार र अनुभव नभएका छन् । शिक्षा मन्त्री शिशिर खनाल, श्रम तथा रोजगार मन्त्री डिपी अर्याल र स्वास्थ्य राज्यमन्त्री डा. तोसिमा कार्कीले यसैपटक चुनाव जितेका हुन् । जनमत पार्टीबाट खानेपानी मन्त्री भएका अब्दुल खानको पनि यो पहिलो सिंहदरबारको अनुभव हो । समावेशी हिसाबमा प्रधानमन्त्री नेतृत्वको मन्त्रिपरिषदमा ५ जना महिला मन्त्री बनेका छन् भने १२ जना खसआर्यबाट छन् । दलित समुदायबाट भने तुलनात्मक कमजोर उपस्थिति छ । राज्यमन्त्री सुशीला श्रीपाली ठकुरी मन्त्रिपरिषदमा एक्लो सदस्य हुन् ।

प्रत्यक्षमा चुनाव जित्ने थोरै छन । सबैलाई कसरी समेट्ने भन्ने तर ब्यवहार दलित र मधेस केन्द्रीत दललाई चित्त बुझाउन नसक्ने अवस्था छ । मन्त्रीहरू नयाँ भएको हुँदा आलोचना गर्ने ठाउँ देखिदैन । कर्मचारी तन्त्रलाई चलाउन कतिको सक्छन् त्यसैमा सरकारको भूमिका देखिनेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : मन चञ्चल |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# घराम्दीमा स्वास्थ्य एकाइ

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ३ माघ**

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ को घराम्दीमा सामुदायिक स्वास्थ्य एकाइ सञ्चालन भएको छ ।

अन्नपूर्ण गाउँपालिकाले स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले एकाइ सञ्चालन गरेको हो । अन्नपूर्ण गाउँपालिका-७ को वडास्तरको स्वास्थ्यचौकी औला गाउँमा छ । घराम्दीको छिमेकी टिकटमा रहेको स्वास्थ्य एकाइमा पुग्न एक घण्टा ३० मिनेटभन्दा बढी पैदलयात्रा गर्नुपर्छ ।

वडास्तरको स्वास्थ्यचौकी र छिमेकी गाउँको एकाइमा पुगेर सेवा लिन अपायक हुँदा समस्या भोग्दै आएका घराम्दीका बासिन्दालाई लक्षित गरेर स्थापना गरिएको एकाइबाट सोमबारदेखि सेवा सञ्चालन गरिएको वडाध्यक्ष माइलन पुर्जा पुनले जानकारी दिनुभयो । "सामान्य बिरामी हुँदा पनि घण्टौं हिँडेर स्वास्थ्य संस्था पुग्नुपर्ने समस्याको अन्त्य गर्न घराम्दीमा एकाइ सञ्चालन गरेका हौं", उहाँले भन्नुभयो, "एक जना अहेवले गाउँमै बसेर सेवा दिने व्यवस्था मिलाएका छौं ।" एकाइमा स्वास्थ्य परीक्षण, परामर्श, निःशुल्क औषधि वितरण, खोपलगायत स्वास्थ्यचौकीबाट प्रवाह हुने अधिकांश सुविधा उपलब्ध हुने गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख समुन्द्र बरुवालले बताउनुभयो । करिब ७० घरधुरीको बसोबास रहेको घराम्दीमा तीन सय ५० जनसङ्ख्याको बसोबास छ ।

छरिएको भूगोल भएको अन्नपूर्ण गाउँपालिकाको वडा नं ७ को घराम्दी दोस्रो ठूलो बस्ती हो । घराम्दीका बासिन्दा तीर्थ फगामीले सामुदायिक स्वास्थ्य एकाइ सञ्चालन भएपछि ज्येष्ठ नागरिक र बालबालिकालाई धेरै राहत मिलेको बताउनुभयो । अन्नपूर्ण गाउँपालिकाको पाउद्धार, खिवाङ, घोडेपानी, टिकोटमा यसअघि नै सामुदायिक स्वास्थ्य एकाइ सञ्चालन भएको थियो । भौगोलिकरूपमा विकट र दुर्गमका साथै वडास्तरको स्वास्थ्य संस्थामा पुग्न घण्टौं लाग्ने बस्तीका बासिन्दालाई सामुदायिक स्वास्थ्य एकाइबाट सेवा लिन सहज भएको छ ।

# बगरमै बस्ती बसाल्दै

**पोखरापत्र संवाददाता**
**मनाङ, ३ माघ**

विसं २०७८ असार १ मा मर्स्याङ्दी नदीमा आएको बाढीले मनाङको नासौं गाउँपालिका-१ तालगाउँ बगर बन्यो । करिब डेढ वर्षपछि यही बगरमा तालगाउँमा अहिले बस्ती बस्दैछ ।

सङ्घ, प्रदेश र स्थानीय सरकारको सहयोग तथा समन्वयमा नदीको जोखिम न्यूनीकरण भएपछि यस क्षेत्रमा बस्ती बस्न थालेको छ । जोखिम रहेको नदी किनारमा तटबन्धन गरिएपछि तालगाउँका स्थानीयले बस्ती बसाल्न थालेको नासों गाउँपालिका-१ का वडा अध्यक्ष मीनरासी गुरुङले बताउनुभयो ।

तालगाउँवासीलाई स्थानान्तरण गर्न सरकारले पहल गरे पनि स्थानीय अन्यत्र जान नमान्दा यसै क्षेत्रमा बस्ती बसाल्ने वातावरण बनाएको उहाँले बताउनुभयो । "केही स्थानीय विस्थापित भए पनि अधिकांश स्थानीय यही बस्न चाहे, उनीहरूको चाहना विपरीत सरकारले पनि स्थानान्तरण गर्न चाहेन, सोहीअनुरुप सरकारले तालगाउँलाई सुरक्षित बनाउन तटबन्धन गर्‍यो", वडा अध्यक्ष गुरुङले भन्नुभयो, "अहिले बस्ती बसाल्दै छन् स्थानीयवासी ।"

"बालुवामा चाहे जस्तो तटबन्धन गर्न नसकिने इन्जिनियरको सल्लाह आएको थियो, स्थानीयहरू अन्यत्र जान चाहेनन्, अवस्थामा अहिले गरिएको तटबन्धले गाउँबस्ती बस्न थालेको हो", उहाँले भन्नुभयो । नदी किनारमा तटबन्धन बनेपछि सुरक्षित महसुस गरेको उहाँले बताउनुभयो । बाढीपछि पूर्ण र आंशिक क्षति भनेर वर्गीकरण गरेको थियो । पूर्ण क्षति भएका परिवारलाई आवास निर्माणका लागि सरकारले सहयोग गरेको थियो ।

आंशिक क्षति भएका परिवारलाई सरकारले सहयोग गरिदिए हुने भन्ने अपेक्षा स्थानीयवासीको छ । घर बनाउन सरकारले सहयोग गरेपछि घर-घरमा सिंहदरबार आएको महसुस गराएको तालगाउँका स्थानीय सिंहबहादुर गुरुङले बताउनुभयो । "बाढीमा परेर मेरो घर पूर्ण क्षति भएको थियो, हामी घरबारविहीन भएका थियौं, सङ्घ सरकारले रू पाँच लाख, प्रदेश सरकारबाट रू दुई लाख र स्थानीय सरकारबाट रू एक लाख सहयोग पाएका थियौं", उहाँले भन्नुभयो, "सरकारको सहयोगले अहिले घर बनाएर बस्न थालेका छौं ।"

आफ्नो जग्गामा बसोबास गर्न नमिल्ने भएपछि सरकारले उपलवब्ध गराएको जग्गामा घर बनाइ बस्न थालेको स्थानीय राजनबहादुर गुरुङले बताउनुभयो । "यो क्षेत्र अझै पूर्णरूपमा सुरक्षित भइसकेको छैन", उहाँले भन्नुभयो ।

# शोकमा डुबेको छ क्याप्टेन केसीको गाउँ

**–पूर्ण विके**
**तनहुँ, ३ माघ**

आइतबार पोखरामा भएको विमान दुर्घटनामा मृत्यु भएका पाइलट कमल केसीको पुर्ख्यौली गाउँ शोकमा डुबेको छ । इमान्दार र सहयोगी गाउँले गुमाउनुपर्दा गाउँका सबैका आँखा रसाएका छन् । कास्कीको रुपा गाउँपालिका-३ पोल्याङमा रहेको पुर्ख्यौली घरमा रहनुभएकी कान्छी आमा ७९ वर्षीया देवीलाई सान्त्वना दिन गाउँलेहरू भेला हुने गरेका छन् ।

गत दसैंको अष्टमीको दिन पोल्याङमा परिवारका सबै भेला भई रमाइलो गरिएको नै अन्तिम भएको कान्छी आमा देवीले बताउनुभयो । "दसैंमा सबै जना जमघट भएर निकै रमाइलो गरिएको थियो । कमलले गाउँलेहरूसँग पनि भेटघाट गरेका थिएँ", उहाँले भन्नुभयो, "अब सम्झिनुबाहेक केही रहेन । यो जन्ममा यत्तिकै हुने भो ।"

घरधन्दामा व्यस्त रहेको आफूलाई नाताले बुहारी पर्ने स्थानीय अप्सरा केसीले कमलले चलाएको जहाज दुर्घटनामा परेको भनेपछि रोएरै दिनरात बिताएको देवीले जानकारी दिनुभयो । दुर्घटनामा देवर गुमाउनुको पीडाले आफूहरूलाई काम गर्ने उत्साह पनि नआएको अप्सराले बताउनुभयो । "यसरी अकालमा कोही पनि मर्न नपरोस्", उहाँले भन्नुभयो, "हामी जस्तै धेरैको परिवार शोकमा पर्नुभएको छ । सबैको आत्माले शान्ति पाओस् ।" सानैदेखि पढ्नमा चलाख र मिजासिला स्वभावका कमलले स्थानीय जनता मावि (तत्कालीन महेन्द्रज्योति प्रावि)मा कक्षा ४ देखि ५ सम्म पढ्नुभएको थियो । त्यसअघि कमल कास्कीकै फल्याङकोटमा पढ्नुहुन्थ्यो । जनता माविबाट कक्षा ५ पूरा गरेपछि थप शिक्षाका लागि कमल काठमाडौं हानिनुभएको थियो ।

"कमलदाइ यहाँको विद्यालयमा पढ्दा निकै चलाख र मिलनसार हुनुहुन्थ्यो", जनता प्रावि व्यवस्थापन समितिका अध्यक्षसमेत रहनुभएका स्थानीय बलभद्र कुमालले भन्नुभयो, "हामी सानालाई निकै माया गर्नुहुन्थ्यो र ठूलालाई आदर गर्ने स्वभाव थियो ।" काठमाडौंबाट हरेक पटक गाउँ आउँदा आफूलगायत गाउँका बासिन्दालाई कमलले सन्चोबिसन्चो सोध्ने गर्नुहुने कुमालले बताउनुभयो । "म यस्तो उस्तो भनेर कमलदाइले कहिल्यै घमण्ड गर्नुहुन्थेन," कुमालले भन्नुभयो, "आँखामा राखे पनि नबिझाउने मान्छेलाई गुमाउँदा हामी गाउँले ठूलो शोकमा परेका छौं ।" माघे सङ्क्रान्तिको पर्व मनाउने तयारीमा आफूहरू रहेपनि दुर्घटनामा कमल परेको खबरले आफूहरूको भोकप्यास हराएको स्थानीय छिमेकी ६१ वर्षीया कृष्णा रानाभाटले बताउनुभयो । "हामी गाउँलेलाई अभिभावक नै गुमाएको जस्तो भएको छ," रानाभाटले भन्नुभयो । आफूहरूले क्याप्टेन कमलकी कान्छी आमा देवीलाई सम्झाउने र सान्त्वना दिने गर्दै आएको उहाँले बताउनुभयो । गाउँमा 'काजिबा' भनेर कहलिएका वीरेन्द्र केसी र मीनाका जेठा छोरा क्याप्टेन कमल हुनुहुन्छ भने विनोद माइला र विदुर कान्छा छोरा हुनुहुन्छ । कमलका कल्पना, विन्दु, सरीता र सुनीता गरी चार बहिनी हुनुहुन्छ । देवीको कोखबाट सुनीता जन्मिनुभएको हो । वीरेन्द्र र मीना पोखरा तेर्सापट्टिमा बस्नुहुन्छ । क्याप्टेन कमल बूढानीलकण्ठमा श्रीमती शिलु र कान्छा छोरा आर्यनसँगै बस्नुहुन्थ्यो । जेठा छोरा सागर बैङ्ककमा हुनुहुन्थ्यो ।

क्याप्टेन कमलको मृत्युको शोकमा बुबाआमालगायत श्रीमती शिलु र छोराहरूलगायत अर्धचेत अवस्थामा हुनुहुन्छ ।

क्याप्टेन कमल अनुभवी पाइटलमा गनिनुहुन्थ्यो । उहाँ ७२ सिट हुने एटिआर विमानको प्रशिक्षक पाइलटसमेत हुनुहुन्छ । नेपाल वायु सेवा निगममा लामो समय विमान चलाउनुभएका कमल निगम छाडेर यती एयरलाइन्समा आबद्ध हुनुभएको थियो । माघ १ गते ६८ यात्रुसहित चार चालका दलका सदस्य रहेको यतीको यही दुर्घटनाग्रस्त विमानले पुस ७ गते पोखराको पुरानो विमानस्थलबाट नयाँ विमानस्थलमा परीक्षण उडान भरेको थियो । परीक्षण उडानको नेतृत्वसमेत क्याप्टेन कमलले गर्नुभएको थियो ।

# हिमालय एयरलाइन्सको काठमाडौँ–बेइजिङ उडान सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ माघ**

हिमालय एयरलाइन्सले चीनको राजधानी बेइजिङमा पहिलो उडान सुरु गरेको छ ।

उक्त एयरलाइन्सले आज मङ्गलबार पहिलो पटक काडमाडौं-बेइजिङ उडान सुरु गरेको हो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक प्रेमनाथ ठाकुराका अनुसार मंगलबार बिहान १० बजेर ४० मिनेटमा उक्त विमान काठमाडौंबाट उडेको र बेइजिङको तासिङ अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको छ । नेपालको काठमाडौं र बेइजिङलाई सीधा जोड्ने यो पहिलो उडान भएको छ ।

चीनको राजधानी बेइजिङमा झण्डै तीन वर्षपछि विदेशका अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीले उडान थालेका छन् ।


## मादी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की, गण्डकी प्रदेश, नेपाल

मादी गाउँपालिका

## आय ठेक्का व्यवस्थापन सम्बन्धी बोलपत्र पेश गर्ने बारेको सूचना

**दोस्रो पटक प्रकाशित मिति :–२०७९/१०/०४**

मादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय थुमाकोडाँडा, कास्कीको तपशिल बमोजिमका विभिन्न स्थानहरुबाट नदीजन्य सामाग्री (घाटगद्दि) ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर आदिको बिक्री शुल्क संकलन प्रयोजनार्थ आय ठेक्का व्यवस्थापन सम्बन्धी बोलपत्र सार्बजनिक खरिद अनुगमन कार्यलयको ई-पोर्टल https://www.bolpatra.gov.np/egp मार्फत आह्वान गरिएकोले ईच्छुक फर्महरुले यसै सूचना बमोजिम बोलपत्र पेश गर्न सकिनेछ ।

**तपसिल :–**

| बोलपत्र न | घाटको विवरण | अधिकतम उत्खनन परिमाण (घ.मि.) | न्युनतम दर प्रति घन मिटर | न्युनतम रकम कर बाहेक रु. | धरौटि रकम रु. | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|
| 5/MRM/NCB/GHAT/079-80 | ज्याम्दु चित्रे घाट | ३९४०.०० | ५०० | १९७००००.०० | ९८५००.०० | ३०००.०० |
| 6/MRM/NCB/GHAT/079-80 | चित्रे ईदी दोभान घाट | १०७६०.४६ | ५०० | ५३८०२३०.०० | २६९५००.०० | ३०००.०० |
| 7/MRM/NCB/GHAT/079-80 | ईदी दोभान वार्दी दोभान | १००३८.८६ | ५०० | ५०१९४३०.०० | २५१०००.०० | ३०००.०० |
| 8/MRM/NCB/GHAT/079-80 | वार्दी दोभान रुदी दोभान घाट | ८९८७.६६ | ५०० | ४४९३८३०.०० | २२५०००.०० | ३०००.०० |
| 9/MRM/NCB/GHAT/079-80 | बिजयपुर खोला घाट (बाँया किनार) | ३०५१६.१२ | ५०० | १५२५८०६०.०० | ७६३०००.०० | ३०००.०० |

**बोलपत्र खरिद, दाखिला र खोल्ने मिति, समय र स्थान**

| बोलपत्र नं | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | | बोलपत्र दाखिला गर्ने मिति र समय | | बोलपत्र खोल्ने मिति र समय | |
|---|---|---|---|---|---|---|
| | मिति | समय | मिति | समय | मिति | समय |
| 5…9/MRM/NCB/GHAT/079-80 | २०७९/१०/१८ | १२:०० | २०७९/१०/१९ | १२:०० | २०७९/१०/१९ | १३:०० |
| बोलपत्र फारम खरिद बापतको रकम जम्मा गर्ने बैंकको नाम | माछापुच्छ्रे बैंक, मादी-३ यांजाकोट शाखा खाता नंः - ०७९००५१४७२९०००८३ | | | | मादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थुमाकोडाँडा, कास्की | |
| धरौटी रकम जम्मा गर्ने बैंकको नाम | माछापुच्छ्रे बैंक, मादी-३ यांजाकोट शाखा खाता नं :- ०७९००५१४७२९०००११ | | | | | |

*नोटः विस्तृत विवरण तथा खरिद संग सम्बन्धित शर्तहरु बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गरिएको छ ।*

**प्रमुख प्रशासकीय अधिकृत**

# कसको जीवनमा कुन वर्ष अन्तिम बनेर आइपुग्छ ...

– रामबहादुर थापा
पोखरा, ३ माघ (रासस)

कसको जीवनमा कुन वर्ष अन्तिम बनेर आइपुग्छ, के थाहा ? गायिका निरा छन्त्यालको जीवनमा पनि भइदियो, त्यस्तै । ख्यालख्यालमै गाएको गीत आफ्नै जीवनमा मेल खान आइपुग्यो । कस्तो दुर्भाग्य ।

प्रत्यक्ष दोहोरीमा चर्चित गायक राजु परियारसँगको घम्साघम्सीमा निराले जवाफ फर्काउनुभएको थियो-

'हे... सब मरिन्छ, त्यही अन्तिम वर्षमा

बाँचुञ्जेली बाँचम् न हर्षमा...'

जीवनलाई खुसीसाथ जिउनुपर्छ भन्ने उनै निरा आज आफन्त र शुभेच्छुकलाई शोकमा छाडेर आफूचाहिँ भौतिक संसारबाट अलप हुनुभएको छ । बाइस वर्षको अल्पायुमै उहाँको इहलीला सकिएको हो ।

पोखराको सेतीखोँचमा आइतबार भएको यती एयरको जहाज दुर्घटनासँगै निराको मखमली आवाज पनि उतैकतै बिलायो । लोकदोहोरी क्षेत्रमा जबर्जस्त उदाउनुभएकी गायिका छन्त्यालले असमयमै मृत्युवरण गर्नुपऱ्यो । गत वर्ष उहाँ आफैँले गाएको गीतले भनेझैँ, निराका लागि यस वर्ष (२०७९) नै अन्तिम बन्यो । न अब कतै युट्युबका भित्ता- न मेला, महोत्सवका झकिझकाउ मञ्चमा उहाँलाई प्रत्यक्ष हेर्न-सुन्न नै पाइने छ । केबल स्वजनका स्मृति र आफ्ना सिर्जनामा निरा बाँचिरहनुहुनेछ । बागलुङको बडिगाड गाउँपालिका-३ सिसाखानीमा जन्मनुभएकी निराको जीवनभर नेपाली लोकसङ्गीतको सेवा गर्ने उत्कट अभिलाषामा पनि ठेस पुगेको छ । लोकगायक विष्णु खत्रीले नेपाली सङ्गीत जगत्ले एउटा प्रतिभावान कलाकार गुमाएको प्रतिक्रिया दिनुभयो । "प्रत्यक्ष लोकदोहोरीमा उहाँको छुट्टै पहिचान बनिरहेको थियो, मञ्चीय कार्यक्रममा उहाँको प्रस्तुति आकर्षक हुने गर्थ्यो", गायक खत्रीले सम्झिनुभयो ।

गायक खत्री र गायिका छन्त्यालको सहकार्यमा गत वर्ष पञ्चेबाजा गीत 'फूल केशरी' सार्वजनिक भएको थियो । "बैनीले अर्को गीत गर्नुपर्छ है दाइ भनिरहनुभएको थियो, नयाँ शैलीको दोहोरीबारे सरसल्लाहमै थियो, अब अधुरै रहने भयो", खत्रीले सुनाउनुभयो । उहाँहरूबीच बुधबार बागलुङको भीमपोखरामा हुने माघे सङ्क्रान्ति मेलामा एउटै मञ्च साझा गर्ने तय भइसकेको थियो । खत्रीकै समन्वयमा निरा भीमपोखराको मेलामा जाँदै हुनुहुन्थ्यो । स्थानीय प्रगतिशील युवा क्लबले उहाँहरूलाई आमन्त्रण गरेको थियो । गायिका निराको निधनले मर्माहत बन्नुभएका गायक खत्रीले भीमापोखराको उक्त मेलामा आफू पनि नजाने निधो लिनुभएको छ । "बैनीको दुःखद् घटनापछि मैले पनि त्यो मञ्चमा उक्लिएर एक्लै गीत नगाउने निर्णय गरेँ", गायक खत्रीले भन्नुभयो, "मैले नै सिफारिस गरेर निरा बैनी भीमापोखरा आउने योजना बनेको थियो ।" आइतबार माघे सङ्क्रान्तिका अवसरमा पोखरामा हुने छन्त्याल समुदायको कार्यक्रममा भाग लिएर गायिका छन्त्याल मङ्गलबार म्याग्दी महोत्सवमा पुग्ने समयतालिका थियो । त्यहीँबाट बागलुङको भीमापोखरा जाने कार्यक्रम थियो । "बैनी निरासँग मञ्चीय कार्यक्रममा दर्शक, स्रोतालाई मनोरञ्जन दिलाउने कला र शैली अनौठो थियो", गायक खत्रीले भन्नुभयो, "त्यहीँ कारण मेला, महोत्सवमा उहाँको व्यस्तता बढ्दो थियो, धेरैतिर बोलाउँथे ।" प्रत्यक्ष दोहोरीको प्रवर्द्धन गरिरहेको 'सारङ्गी संसार' युट्युब च्यानलका सञ्चालक ताराकान्त विकले गायिका निरालाई ऊर्जाशील कलाकारका रूपमा स्मरण गर्नुभयो । "एउटा आशलाग्दो प्रतिभा हुनुहुन्थ्यो, हँसिलो, चञ्चल, ऊर्जा पनि उस्तै", विकले भन्नुभयो, "मञ्चीय कार्यक्रममा दर्शक/स्रोतालाई अडाइरहन सक्ने क्षमता उहाँमा थियो ।" 'सारङ्गी संसार'का छवटा भागमा गायिका निरा मुख्य भूमिकामा प्रस्तुत हुनुभएको थियो । प्रत्यक्ष दोहोरीमा खरो उत्रन सक्ने उहाँको आफ्नै युट्युब च्यानल पनि छ । चर्चित गायकहरूसँगको उहाँको दोहोरी घम्साघम्सीले युट्युबमा उल्लेख्य दर्शक पाएको छ ।

तीज गीत, पञ्चेबाजालगायत गीत सार्वजनिक गर्नुभएकी निरा प्रत्यक्ष दोहोरीबाट अझ बढी चिनिएको विकले बताउनुभयो । "प्रत्यक्ष दोहोरीमा गज्जबले जम्न सक्नुहुन्थ्यो, मौलिक शब्द र बागलुङे लवज उहाँको गायनमा झल्कन्थ्यो", विकले भन्नुभयो, "अब त्यो सम्झनामा मात्र रहने भयो, एल्बम र युट्युबमा मात्र उहाँका गीत बाँकी रहे ।"

बडिगाड-८ का टीका पाइजाले छन्त्यालले सानैदेखि रुची लिएर गायन क्षेत्रमा लागेको बताउनुभयो । "पछिल्लो पटक गत मङ्सिरमा बडिगाडको न्वागी मेलामा आउनुभएको थियो, जिल्लामा हुने मेला, महोत्सवमा आइरहनुहुन्थ्यो", पाइजाले भन्नुभयो, "दुई-तीन वर्षयता उहाँ लोकदोहारीमा बढी चिनिन थाल्नुभएको थियो, युट्युबमा पनि उहाँका गीत चलेका थिए ।"

सङ्गीत क्षेत्रमा भविष्य खोज्दै छन्त्याल चार वर्षअघि काठमाडौँ छिर्नुभएको थियो । गायनमा सफल हुँदै गएपछि उहाँका माग पनि बढ्दै गएको थियो । शनिबार मात्र काठमाडौँमा आयोजित कार्यक्रममा उहाँले प्रस्तुति दिनुभएको थियो । सोही दिन टुँडिखेलामा सिसाखानीको ऐतिहासिक घाटु नाच प्रदर्शनका लागि पनि उहाँ सक्रिय भएर लाग्नुभएको थियो ।

पोखरा उड्नुअघि निराले सामाजिक सञ्जालमार्फत माघे सङ्क्रान्ति पर्वको शुभकामना दिनुभएको थियो । फेसबुकमा अरुले फर्काएका शुभकामनाका सन्देशसमेत हेर्न नपाउँदै छन्त्याल सेतीखोँचमा अस्ताउनुभएको हो । बडिगाड-८ का वडाध्यक्ष खडक पुनले गायिका निराको अप्रत्यासित निधनले आफूहरू स्तब्ध बनेको बताउनुभयो ।

"सङ्गीत क्षेत्रमा सङ्घर्षशील, आफ्नै प्रतिभा र क्षमताले स्थापित गाउँकी चेलीलाई गुमाउनुपर्दा गहिरो पीडाबोध भएको छ", उहाँले भन्नुभयो, "विद्यालयमा पढ्दादेखि नै नाच्नेगाउनेमा उहाँको बढी रुचि थियो, गाउँमा हुने वैशाखे पूर्णिमालगायत मेला, कार्यक्रममा सानैदेखि गीत गाउनुहुन्थ्यो ।" छन्त्यालले विद्यालय तहको पढाइ गाउँकै सिसाखानी माविमा पूरा गर्नुभएको थियो । बुवा मनबहादुर र आमा लीला छन्त्यालको कोखबाट जन्मनुभएकी निराको निधनपछि जन्मगाउँ सिसाखानीमा पनि शोक छाएको छ । उहाँको शव बुझ्न वडाध्यक्षसहित आफन्त पोखरा झरेका छन् ।

# पोखरा, दमौली र लेखनाथमा सेवा विस्तार गर्दै वाईफाई नेपाल

पोखरापत्र संवाददाता
पोखरा, ३ माघ




पोखरा, दमौली र लेखनाथ बासीले अब सस्तोमा इन्टरनेट सेवा प्राप्त गर्ने भएका छन् ।

मंगलबार एक कार्यक्रमका बीच वाईफाई नेपालले उक्त सेवा विस्तार गर्ने घोषणा गरेको हो । काठमाडौंमा सफलता पूर्वक सुरुवात भई संचालनमा रहेको यस इन्टरनेट सेवा प्रदायक संस्थाले महिनाको ५ सय रुपैयाँमा नै ८० एमबिपिएस स्पीडको इन्टरनेट उपलब्ध गराउने वाईफाई नेपालका सिइओ शत्रुधन पञ्जियारले बताए । उनका अनुसार वाईफाई नेपालबाट अहिले ५० एमबिपिएस र ८० एमबिपिएसको इन्टरनेटको सुविधा दिइएको छ । ५० एमबिपिएस स्पीडको इन्टरनेटको सेवा महिनाको मात्र ३ सय ३३ रुपैयाँमा सेवाग्राहीले प्रयोग गर्न पाउनेछन् । 'घरायसी तथा व्यापारिक ग्राहकहरुको आवश्यकतालाई ध्यानमा राख्दै सस्तोमा इन्टरनेट सेवा विस्तार गर्न लागेका हौं । पोखरा, दमौली र लेखनाथमा एकैसाथ सेवा विस्तार गर्न लागेको खबर सुनाउँदा खुशी लागेको छ । आशा छ काठमाडौंमा जस्तै सेवाग्राहीहरुलाई यहाँ पनि लाभ मिल्नेछ ।', उनले भने ।

आफुहरुले निम्न र मध्यम वर्गीय परिवारलाई लक्षित गर्दै उक्त सेवा प्रदान गर्न लागेको जानकारी उनले गराएका छन् । हाललाई नेपालका प्रमुख शहरहरुमा सेवा विस्तार गर्ने लक्ष्य आफुहरुको रहेता पनि आगामी समयमा गाउँगाउँमा वाईफाई नेपालको इन्टरनेट सेवालाई विस्तार गर्ने योजना रहेको अभिव्यक्ति उनको छ ।

'छिटो तथा भरपर्दो इन्टरनेट पहुँचको आवश्यकता र महत्व अहिले धेरैनै छ । निम्न र मध्यम वर्गीय परिवारको इन्टरनेट चलाउने आवश्यकतालाई परिपूर्ति गर्ने तवरले वाईफाई नेपाल लञ्च गरेका हौं । हाललाई शहर केन्द्रित भएता पनि भोलीका दिनमा ग्रामीण भेगमा समेत सेवा विस्तार गर्ने योजना हाम्रो छ ।', उनले भने ।

# "टाउकैमाथि जहाज खस्यो, भाग्यले बाँचे"

–जमुना वर्षा शर्मा
पोखरा, ३ माघ (रासस)

फुर्सद भयो कि सेती खोँचमा माछा मार्न जाने कुमार आलेको बानी थियो ।

आइतबार विहान साढे १० बजे तिर उहाँ सधैजसो बल्छी बोकेर माछा मार्न खोँच झर्नुभयो । नदीमा बल्छी थापेको त्यस्तै १०/१५ मिनेट जति भएको हुँदो हो माथिबाट आएको ठूलो आवाज उहाँको कानमा नराम्रोसँग ठोक्कियो । एकैछिन दिमागमा सन्नाटा छायो ।

"केही सोच्नै नपाउँदै एकाएक ढुङ्गाहरू खस्न थाले, खसेका ढुङ्गा पिठ्युँ र खुट्टामा बजारिए", त्यो दिनको घटना सम्झँदै गर्दै ३७ वर्षे उहाँले भन्नुभयो, "ढुङ्गा बजारिएपछि म पानीमा कतिबेला पुगेछु पत्तै भएन ।" यतिकैमा आगो र धुँवाको कालो मुस्लो देखियो । ढुङ्गा र आगोको झिल्का खोँचमा निरन्तर झरिरहेका थिए । उहाँ पानीबाट निस्किएर अलिक पर कुनामा रहेको चट्टानमुनी ओत लाग्नुभयो । "कसैले बम पड्काएको हो कि भन्ने लाग्यो", उहाँले सुनाउनुभयो, "ढुङ्गा झर्न अलिक कम भएपछि जसोतसो त्यहाँबाट निस्केर छिटोछिटो उकालो लागेँ ।" केही मिनेटको उकालो चढेपछि जलिरहेका जहाजका टुक्रा देखिए । उहाँलाई तबमात्रै जहाज दुर्घटना भएको रहेछ भन्ने यकिन भयो । "बुढापाकाहरू काल नआएसम्म मरिन्न भन्थे, हो जस्तो लाग्यो", उहाँले भन्नुभयो, "आइतबार त्यस्तै भयो, म ठूलो भाग्यले बाँचे ।" खुट्टा र पिठ्युँमा लागेको चोट देखाउँदै आलेले भन्नुभयो, "धन्न ढुङ्गा टाउकोमा लागेन नत्र म पनि बाँच्ने थिइन, खुट्टा र पिठ्युँमा हेर्नुस् त कति नराम्ररी चोट लागेको छ, अहिले हिँड्न पनि गाह्रो भएको छ ।" आले यती एयरलाइन्सको विमान दुर्घटना भएको स्थलबाट पाँच मिनेटको पैदल दूरीको नागार्जुन टोलमा बस्नुहुन्छ । त्यहीँकै राम बल्क उद्योगमा चालकका रूपमा काम गर्न थालेको १० वर्ष भयो । तनहुँ कुर्लुङका आलेका चार छोरी र एक छोरा छन् । "भगवानले मलाई बचाउनु भयो, नत्र श्रीमती र बालबच्चाको के हाल हुन्थ्यो होला ?"

अहिले आले टाउकै माथि जहाज खस्दा पनि बाँच्न पाएकोमा भगवान धन्यवाद दिँदै बस्नुभएको छ । "यो त मेरो ठूलो भाग्यो हो, म बाँचे तर आँखा अगाडिको यत्रो जहाज दुर्घटना र त्यहाँ सवार यात्रुको मृत्युको खबरले भने विक्षिप्त बनाएको छ, नजिक गएर त्यहाँका दृश्य हेर्ने आँट पनि आएको छैन", उहाँले भन्नुभयो । पोखरा महानगरपालिका वडा नं १५ स्थित सितारामको प्लटिङ भनेर चिनिने स्थान नजिकको सेतिको खोँचमा आइतबार करिब ११ बजे आसपासमा यति एयरलाइन्सको ७२ सिटे जहाज दुर्घटना ७० जनाको शव फेला परेको छ । बाँकी दुई जनाको खोजी अझै जारी छ । घटनास्थलबाट निकालिएका शवलाई पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको पोष्टमार्टम भवनमा राखिएको छ । अस्पताल स्रोतका अनुसार काठमाडौँ शिक्षण अस्पतालका फरेन्सिक प्रमुख टोलिको नेतृत्वमा र पोखरा स्वास्थविज्ञान प्रतिष्ठान तथा अन्य शिक्षण संस्था फरेन्सिक विज्ञ चिकित्सकबाट शवको वर्गीकरण गर्ने काम सकिएको छ । सनाखत गर्न मिल्ने शवको परिवासँग 'भेरिफाइ'को काम भइरहेको छ । भेरिफाइपछि शवको पोस्टमार्टम शुरु भएको छ । थप सनाखत गर्नुपर्ने देखिएका डीएनए परीक्षणका लागि काठमाडौँ पठाउने तयारी गरिएको सहायक प्रमुख जिल्ला अधिकारी अनिलकुमार शाहीले जानकारी दिनुभयो । उहाँका अनुसार ४६ जनाको शव काठमाडौँ पठाउनु पर्ने र बाँकी २३ जनाको पोखरामै पोष्टमार्टम गरी आफन्तलाई बुझाइने छ ।

# स्थानीय सीप र स्रोतलाई उत्पादनसँग जोड्न 'घरेलु उद्योग'

पोखरापत्र संवाददाता
तनहुँ, ३ माघ

जिल्लाको आँबुखैरेनी गाउँपालिका कार्यालयले स्थानीय स्रोत र सीपलाई उत्पादनसँग जोड्न घरेलु उद्योग सञ्चालनमा ल्याउन लागेको छ ।

स्थानीयस्तरमा उत्पादन हुने सामग्री र कृषि औजारका सामान उत्पादन गर्न गाउँपालिकाले रु दुई करोड लगानीमा उद्योग स्थापना गर्न लागेको हो । गाउँपालिकाको मार्किचोकस्थित मर्स्याङ्दी बाँध नजिकै उद्योग स्थापनाको लागि गण्डकी प्रदेश सरकारसँग सम्झौता गरी प्रक्रिया अघि बढाएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । गाउँपालिकाले मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत परम्परागत प्रविधिमा सुधारसम्बन्धी एकीकृत उद्यम विकास केन्द्र सञ्चालनका लागि परियोजनामार्फत सम्झौता गरेको हो । स्थानीय स्रोतबाट प्राप्त हुने कच्चापदार्थ र समुदायसँग भएको सीपलाई उत्पादनसँग जोड्दै आर्थिक क्षेत्रमा सबल बनाउने नीति लिइएको उहाँले बताउनुभयो । उद्योग सञ्चालनको लागि गाउँपालिकाले रु ६० लाख र परियोजनामार्फत रु एक करोड चालिस लाख लगानी गर्ने गरी सम्झौता भएको छ । उहाँले भन्नुभयो, "पहिलो चरणमा उद्योगमा रु दुई करोडको लगानी हुनेछ ।" उद्योग सञ्चालनमा ल्याएपछि पब्लिक प्राईभेट पार्टनसीप अन्तर्गत निजी संस्थासँग सहकार्य गरेर उद्योगलाई ठूलो रुप दिने दीर्घकालीन योजना रहेको सो गाउँपालिका कार्यालयले जनाएको छ । गाउँपालिकाले शिक्षा, स्वास्थ्य र पर्यटन क्षेत्रलाई प्राथामिकतामा राखेर काम गर्दै आएको छ भने एक वडा एक उत्पादन कार्यलाई पनि सँगसँगै अघि बढाएको छ ।


## Putalibazar Municipality
## Office of Municipal Executive
### Syangja, Gandaki Province, Nepal

## Notice for the Letter of Intent

**First Publication Date: 2079/10/03**

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is to notify all the bidders who submitted their bids for the contract identification below as per the Invitation for Bids published in the national daily newspaper on 1th Poush, 2079, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract.

| S.N. | Contract ID No. | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. With VAT and PS |
|---|---|---|---|
| 1 | **CONTRACT ID :-** 01/PM/GOODS/SQ/079/080, Contract for Procurement of Supply and Delivery of HDPE Pipes | M/S Swastika Suppliers,Bharatpur-1 | Nrs 14,52,146.74 |

**Chief Administrative Office**



## Invitation for Bids
## INF Nepal Green Pastures Hospital
### Pokhara-15, Kaski, Gandaki Province, Nepal

INTERNATIONAL NEPAL FELLOWSHIP

**Invitation for Bids for the Supply, delivery and installation of Furniture Items at INF Nepal Green Pastures Hospital**

**First Date of Publication: 18th January, 2023**

1. INF Nepal Green Pastures Hospital, Pokhara-15 invites bids from eligible bidders for supply, delivery and installation of Furniture Items at INF Nepal Green Pastures Hospital.
2. Bidding documents are available at the administration office of INF Nepal Green Pastures Hospital, Pokhara- 15, Kaski. Interested bidders shall obtain the bidding documents from the administration office or can email to info.gph@nepal.inf.org and deposit the cost of bidding document of NRs 1,000 in the following bank:

   **Name of the Bank: Sanima Bank Limited**
   **Bank Branch: Pokhara Branch**
   **Name of Office: INF Nepal Green Pastures Hospital**
   **Bank Account No.: 006010010000155**
3. Interested bidders shall submit the bids to INF Nepal Green Pastures Hospital on or before 16:00 PM on Wednesday, 1st February, 2023. Bids received after this deadline will be rejected.
4. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date.
5. The bidders shall submit the copy of PAN/VAT Registration, Company/Firm Registration and Tax Clearance of FY 2078-79.
6. Eligible Bidders may obtain further information at the administration office of Green Pastures Hospital, Pokhara-15, Kaski.
7. Any discrepancies or error in the bid document, bid notice or any other document will be as per purchasing policy of INF Nepal Green Pastures Hospital; the office of INF GPH reserves the right to correct, amend or reject the tender process at any time.
8. For further information, **email to: info.gph@nepal.inf.org or Tel 977 61 430342**